

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ९ गते मंगलबार ❑ 24 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## चितवन-२ बाट निर्वाचित सांसद रवि लामिछाने स्वत: निलम्बनमा : संसद् सचिवालय

**रासस**
काठमाडौं ८ पुस

चितवन-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रवि लामिछाने स्वतः निलम्बनमा पर्नुभएको सङ्घीय संसद सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाका महासचिव पद्मप्रसाद पाण्डेयले सोमबार जारी गर्नुभएको सूचनामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ अनुसार उहाँ स्वतः निलम्बनमा परेको उल्लेख छ । सो दफामा 'प्रचलित कानुनबमोजिम स्थापित सङ्गठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकामा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा



२२बमोजिम मुद्दा दायर भएकामा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिन्छ", भन्ने व्यवस्था रहेको सूचनामा उल्लेख गरिएको छ । सोही कानुनी व्यवस्थाबमोजिम सूचना जारी गरिएको महासचिव पाण्डेयले उल्लेख गर्नुभएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीले आइतबार सभामुखलाई पत्र लेखी चितवन-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर गरिएको जानकारी दिएको थियो । पत्रमा सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको पूरक अभियोगपत्र दर्ता भएको जनाइएको छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ जानकारीका लागि अनुरोध गरिएको प्रहरीले सभामुखलाई लेखेको पत्रमा उल्लेख गरिएको छ । प्रतिनिधिसभा, नेपाल प्रहरी प्रधान कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, अवरोध जाहेरी शाखा गण्डकीलाई पनि बोधार्थ दिई कास्की प्रहरीले सभामुखलाई पत्र लेखको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहनुभएका लामिछानेविरुद्ध आइतबार जिल्ला अदालत कास्कीमा सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको पूरक अभियोगपत्र (दर्ता नं. २०८१-०१-०४३५) दर्ता भएको थियो । यससम्बन्धी विवरणसहितको पत्र जिल्ला सरकारी वकिलको कार्यालय कास्कीबाट संसद् सचिवालयलाई प्राप्त भएको पनि सूचनामा गराइएको छ।

## किसुनजीको जन्मजयन्तीको अवसरमा विचार गोष्ठी

**पोखरापत्र संवाददाता**
पोखरा ८ पुस

नेपाली कांग्रेसका संस्थापक नेता एवम् पूर्व प्रधानमन्त्री सन्त नेता किष्णप्रसाद भट्टराई (किसुनजी)को १०१ औं जन्मजयन्तीको अवसरमा विचार गोष्ठी सम्पन्न भएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशको आयोजनामा भएको गोष्ठी पूर्व मन्त्री दिपकुमार उपाध्यायले पानसमा बत्ति वालेर कार्यक्रमको उद्धाटन गरेका थिए। कार्यक्रममा बोल्दै पूर्वमन्त्री उपाध्यायले किसुनजीको जीवनीको वारेमा व्याख्या गरेका थिए । आध्यात्मिक व्यक्ति समेत रहेका किसुन जीमा स्वार्थको भाव नरहेको र आफू हारेर पनि पार्टी र देशको फाइदाको लागि सधै लडेको जानकारी गराएका थिए। राजनीतिमा हार र जीतले कुनै प्रभाव नपार्ने बताउँदै जीत र हार भन्दा माथी आफूलाई राख्नुपर्ने कथ्य सिकाएको बताए।

अहिलेको राजनीति अनैतिकता छलछाम, स्वार्थमा वगेको देखिएको बताउदै डन र धनको संस्कृति मौलाएर गम्भिर रोगको शिकार बन्न पुगेको छ । उनले भने, 'अब रोगलाग्यो यसलाई सर्जरी नै गर्नुपर्ने अवस्था आएको छ, अरुलाई दोष दिने होइन सत्यको खोजी गरेर असत्यलाई चिर्ने प्रयास गरिएन भने पार्टी खतराको अवस्थामा आइपुगेको छ ।' पूर्वमन्त्री उपाध्यायले भने, 'किसुन जी भन्नुहुन्थ्यो सत्ता प्राप्ती मेरो रुची




होइन मोक्ष नै मेरो लक्ष्य हो, चरित्रमा इमान्दारिता भयो भने सबै झुक्नुपर्छ । किसुनजीले अबसर आएपछि अन्तरिम संविधान र निर्वाचन समयमानै काम गरेर साहस देखाउनुभएको, आर्थिक पारदर्शिता देखाउनुभएको, भाषणमा नभई व्यवहारमा देखाएका कामहरुले उहाँलाई सदा अमर राखेको छ।'

त्यसैगरी नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले किसुनजी लगायतका नेताहरुको त्याग तपस्याका उहाँहरु आजपनि आदर्श पुरुष कहलिएको बताए। सभापति शर्माले राज्यको जिम्वारी पदमा हुदा वा नहुँदा पनि आफुलाई नचुकाएको आदर्श पुरुष रहेको बताउँदै वीपीलाई समेत किसुनजीले आफूलाई लागेको कुरा राखेर आफूतर्फ आकर्षण गराएका तथ्यहरु रहेको जानकारी गराए । उनले सत्य र निष्ठाको राजनीति गरेमा कहिल्यैपनि शीर झुकाउनु नपर्ने र पार्टी र संगठन बलियो हुने बताए। सभापति शर्माले 'प्रजातन्त्र विना जनता र राज्यको जीवन स्तर सकरात्मक परिवर्तन असम्भव भएको बताउँदै प्रजातन्त्रमा जनता मालिक, कार्यकर्ता पार्षद र नेताहरु सेवक हुन्छन् । आज ठीक उल्टो भएको छ ।' सबै विरासत छोडेर म नै सर्वव्यापी हो भनेर आउँदा आज पार्टी र देशको अवस्था नाजुक बन्न पुगेको उल्लेख गरेका थिए।

किसुनजी लगायतको अग्रज नेताहरुको योगदान कार्यक्रममा होइन व्यवहारमा उतार्ने बेला आएको बताउँदै शर्माले जनता र राज्यको हितमा काम गरे पहिलाको विरासत पुन स्थापित हुने जानकारी गराएका थिए।

प्रजातन्त्र स्थापनाका लागि कृष्णप्रसाद भट्टराईले १८ वर्ष जेल जीवन बिताएको र सदैब नेपाली जनताको जीवनस्तर उकास्न चिन्तित रहने गरेको बताए।

किसुनजी जस्तो नेता संसारमा बिरलै मात्र पाउन सकिन्छ भन्दै गिरिजाबाबु, गणेशमान, सुबर्ण शमशेर सहित नेताहरुलाई मिलाएर कांग्रेसलाइ बलियो बनाउन किसुनजीको योगदान महत्वपुर्ण रहेको सभापति शर्माले बताए। नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले गण्डकी प्रदेशले गरेको गोष्ठीले किसुनजीको जीवनीलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एचआइभी सङ्क्रमित स्वास्थ्य बिमाबाट बञ्चित

**पोखरापत्र संवाददाता**
पोखरा ८ पुस

विभेद्को डरले समाजमा खुल्न नसकेका एचआइभी सङ्क्रमित निःशुल्क स्वास्थ्य बिमाको सुविधाबाट बञ्चित भएका छन् ।

निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समावेश हुन सम्बन्धित वडाबाट सिफारिस लिनुपर्ने व्यवस्थाका कारण एचआइभी सङ्क्रमित समस्यामा परेका हुन् । एचआइभीको क्षेत्रमा क्रियाशील धवलागिरि पोजेटिभ समूहका वित्त तथा कार्यक्रम संयोजक सुवास कँडेलले बागलुङमा कूल दुई सय आठजना एचआइभी सङ्क्रमितमध्ये ३४ जनाको स्वास्थ्य बिमा हुनसकेको छैन। "एक सय ७४ जनाको निःशुल्क स्वास्थ्य बिमा भएको छ, समाजमा खुल्न नचाहने र विभेद्को डरले ३४ जना स्वास्थ्य बिमामा समेटिन सक्नुभएको छैन", उहाँले भन्नुभयो, "उहाँहरूका लागि धवलागिरि अस्पतालमा रहेको एआरटी केन्द्र वा धवलागिरि पोजेटिभ समूहमार्फत बिमाको व्यवस्था गरिदिन सम्बन्धित निकायसँग हाम्रो माग छ।"

निःशुल्क स्वास्थ्य बिमा गर्न नपाएकामा जिल्लाको गलकोट, ढोरपाटन नगरपालिका, बडिगाड, निसीखोला गाउँपालिकालगायत विभिन्न स्थानीय तहका एचआइभी सङ्क्रमित रहेका छन् । बिमा सुविधाबाट बञ्चित हुँदा एचआइभी सङ्क्रमित महँगो उपचार सेवा लिन बाध्य छन् । सरकारले एचआइभी सङ्क्रमितका लागि निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरेको छ । कतिपय स्थानीय तहले आफ्नै बजेटबाट एचआइभी सङ्क्रमितको स्वास्थ्य बिमा गर्दै आएका छन्। स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले स्वास्थ्य कार्यालयको सिफारिसमा या अन्य आधिकारिक निकायमार्फत एचआईभी सङ्क्रमितको बिमा गरिदिने व्यवस्था गर्नुपर्ने बताउनुभयो । "बिमाको सिफारिसका लागि सङ्क्रमित आफ्नै ठाउँमा जानुपर्ने भएकाले उहाँहरूलाई समस्या भएको हो", उहाँले भन्नुभयो, "एचआइभी सङ्क्रमितलाई सहज रूपमा स्वास्थ्य बिमाको सुविधा दिन स्वास्थ्य बिमा बोर्डले पहल लिनु आवश्यक छ।" यसअघि धवलागिरि अस्पतालमा रहेको एआरटी केन्द्रबाट एचआइभी सङ्क्रमितको स्वास्थ्य बिमा हुँदै आएकामा अहिले बजेट कटौती भएपछि उक्त केन्द्रबाट बिमा हुन छाडेको छ।

धवलागिरि पोजेटिभ समूहका अनुसार जिल्लामा रहेका कूल दुई सय आठ एचआइभी सङ्क्रिममध्ये २२ जना बालबालिका रहेका छन् । सङ्क्रमितमध्ये एक सय ५२ जनाले धवलागिरि अस्पतालमा रहेको एआरटी केन्द्रबाट औषधोपचारको सेवा लिइरहेका छन्। जिल्लाको ढोरपाटन नगरपालिकास्थित बुर्तिबाङ अस्पतालबाट पनि एचआइभी सङ्क्रमितका लागि औषधि उपलब्ध गराइँदै आएको स्वास्थ्य कार्यालयले जनाएको छ।

## रास्वपाको कार्यवाहक सभापतिको जिम्मेवारी अर्याललाई

**रासस**
काठमाडौं ८ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति डोलप्रसाद (डीपी) अर्याललाई तोकिएको छ।

रास्वपाको सोमबार बसेको सचिवालयको बैठकले अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी अर्याललाई दिने निर्णय गरेको हो। पार्टी सभापति रवि लामिछानेद्वारा उपसभापति अर्याललाई कार्यवाहक सभापति तोकिएको व्यहोरा आजको सचिवालयको बैठकमा जानकारी गराइएको थियो । पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले भन्नुभयो, "सभापति लामिछानेले आफ्नो अनुपस्थितिमा सम्पूर्ण पार्टी पंक्तिलाई देश निर्माण गर्ने महाअभियानमा सशक्त राख्न कार्यवाहक सभापतिको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न अपेक्षा सहित अर्याललाई शुभकामना दिनुभएको छ।"

पार्टी सभापति रवि लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा आइतबार मुद्दा दर्ता भएको थियो।

आइतबार नै सभापति लामिछानेलाई सांसद पदबाट निलम्बन गर्न कास्की प्रहरीले सङ्घीय संसद् सचिवालयलाई पत्र पठाइसकेको छ।

## रोजगारी प्रवर्द्धनका लागि बन्दीपुरमा श्रम बैंक

**पोखरापत्र संवाददाता**
तनहुँ ८ पुस

तनहुँको बन्दीपुर गाउँपालिकाले श्रम बैङ्क कार्यान्वयनमा ल्याएको छ । श्रमलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि श्रम बैंक सञ्चालनमा ल्याइएको पालिकाले जनाएको छ।

श्रम बैङ्कमार्फत कामको खोजीमा रहेका व्यक्तिलाई काम र रोजगारदातालाई कामदार उपलब्ध गराउन गाउँपालिकाले सहजीकरण गर्ने गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो।

यसैगरी गाउँपालिकाभित्र रहेका सबै प्रकारका दक्ष, अर्धदक्ष तथा अदक्ष व्यक्तिहरू र रोजगारदाताको विवरण एकीकृत रूपमा तयार गरी रोजगार विनिमयकार्य गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो।

"यहाँका युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउन श्रमबजार र मागमा आधारित रोजगारमूलक सीप विकास कार्यक्रम सञ्चालन गरिने छ । कामको खोजीमा रहेका व्यक्ति र रोजगारदाता तथा सीप विकास र सीप प्रमाणिकरण गर्न इच्छुक व्यक्तिले 'क्युआर स्क्यान' गरी गुगल फर्मको लिङ्कमा गएर, वडा कार्यालयमार्फत् वा श्रम तथा रोजगार शाखाबाट आवेदन फारम भर्न सक्नेछन्", अध्यक्ष थापाले भन्नुभयो।

गाउँपालिकाका रोजगार संयोजक शरणसिंह गुरुङले श्रम बैङ्क सञ्चालनपछि रोजगारी प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने विश्वास गरिएको बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लेखनाथ महोत्सवमा वृहत झाँकी र्‍याली प्रर्दशन गरिने

पोखरापत्र संवाददाता
पोखरा ८ पुस

लेखनाथ उद्योग वाणिज्य संघले पुष १८ गते देखि माघ १ गते सम्म गर्न लागेको २० औं संस्करणको लेखनाथ महोत्सवमा वृहत झाँकी र्‍याली प्रर्दशन गरिने भएको छ।

"महोत्सव लेखनाथको संस्कृती, स्थानिय उत्पादन विकास र समृद्धि" भन्ने मुल नाराका साथ आयोजीत महोत्सवलाई विगतका वर्षमा जस्तै यस वर्ष पनि सवै जातजाती र समुदायको भेषभुषा र संस्कृती झल्कने गरि झाँकी र्‍याली प्रर्दशन गरिने भएको हो।

महोत्सव उद्घाटन समारोहका दिन स्थानिय आमा समुह, टोल विकास संस्था, सामाजिक संघ सस्थाको साथमा जातीय तथा धार्मीक संघ सस्थाहरुको प्रतिनिधीत्व हुने




गरि मौलीक संस्कृती र जातीय भेष भुषाको पहिचान हुने गरि ब्यवस्थीत रुपमा झाँकी र्‍याली प्रर्दशन गर्न लागिएको हो। झाँकी र्‍याली प्रर्दशनी ब्यवस्थापन उप समितिकी संयोजक बुद्धि कुमारी थापा मगरको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघकी महसचिव जानुका अधिकारीले महोत्सवको आयोजक उद्योग बाणिज्य संघ भएपनि यसमा सवैको साथ र सहयोगले उत्कृष्ट महोत्सवका रुपमा स्थापित भएकाले यस वर्ष पनि आफनै घर आगनको पर्वको रुपमा लिएर सहभागी हुनका लागि अनुरोध गर्नु भएको थियो। साँस्कृतीक कार्यक्रम संयोजक मेजर रामप्रसाद गुरुङले कार्यक्रम प्रस्तुतिका निती, नियम र परिधीमा रहेर पुरस्कृत गरिने जानकारी गराउनु भएको थियो भने संघका प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी (राजु), उप महासचिव भरतराज ओझाले यस क्षेत्रको समग्र आर्थिक तथा सामाजिक उत्थानको लागि महोत्सव गर्न लागिएको र विगतमा भएका कमि कमजोरीहरु हटाएर परिस्कृत रुपमा महोत्सव हुने विश्वास दिलाउनु भएको थियो।

महोत्सवमा कृषि उत्पादन, भाँडा वर्तन, फर्निचर तथा ईलेक्ट्रीकल, फेन्सी तथा गार्मेन्ट, हस्तकला, खाद्यान्न, राष्ट्रिय उत्पादन प्रर्दशनी, बैंक तथा वित्तिय संघ-संस्थाहरु, डेरी तथा फलफुल, होटल तथा रेष्टुरेण्टका गरि करिव तीन सय ३५वटा स्टलहरु रहनेछन।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने २० औं संस्करणको महोत्सवलाई राष्ट्रिय वाणिज्य बैंकले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा सगरमाथा लुम्बिनी ईन्स्योरेन्स कम्पनी र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए।



पोखरामा आन्तरिक पर्यटकको चहल पहलः
पर्यटकीय नगरी पोखरामा आन्तरिक पर्यटकको चहल पहल बढ्न थालेको छ। पोखरामा मंगलबारदेखि सुरु हुने बिवाईडी अन्तर्राष्ट्रिय वेलुन फेष्टिभल सहितका अन्य महोत्सवहरु केही दिन पछि पोखरामा हुने र बुधबार क्रिसमस डे समेत परेकोले आन्तरिक पर्यटक पोखरामा आगमन बृद्धि हुन थालेको व्यवसायीहरुले बताएका छन्। पोखरामा यसपाली उल्लेखनीय पर्यटकहरुको आगामन हुने होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले अपेक्षा गरेका छन।

# मिलीजुली समाजको ३० वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा ८ पुस

पोखरा महानगरपालिका वडा नं १३ स्थित मिलीजुली विजयपुर तमु समाजको ३० औं वार्षिक साधारण सभा, सम्मान कार्यक्रम तथा विविध कार्यक्रम आइतवार सम्पन्न भयो।

समाजका संस्थापक अध्यक्ष स्व.पूर्णसिंह गुरुङको तस्विरमा वडा नं १३ का वडा सदस्य बलवहादुर बरालले माल्यापर्ण गरी साधारण सभाको उद्घाटन गरेका थिए। मिलीजुली समाजका हरेक सदस्यहरु सकारात्मक सोचले अगाडि बढ्नाले समाजमा दिनप्रतिदिन राम्रो हुँदै गएको वडा सदस्य बरालले भने। साधारण सभामा समाजमा सक्रिय कार्य गर्नेमा महिलावाट कुसकुमरी गुरुङ, पुरुषवाट बहादुर गुरुङ र हरेक दिन




सक्रियभई उत्कृष्ट पुरस्कारवाट विष्णुकुमारी गुरुङलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। त्यसैगरी सोही दिन ८८ वर्षिय शिवकुमारी गुरुङ र ७७ वर्षिय गोकुलप्रसाद गुरुङलाई पनि दोसल्ल्ला ओढाएर सम्मान गरियो। सम्मानित हुने शिवकुमारीले समाजलाई अगाडि बढ्न सहयोग पुगोस भनेर नगद १५ हजार सहयोग गरिन्। मिलीजुली विजयपुर तमु समाजका अध्यक्ष इन्स्पेक्टर मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा तमु धि नेपालका प्रथम उपाध्यक्ष गिमाया गुरुङ, बाँझापाटन तमु समाजका अध्यक्ष नासु कृष्णवहादुर गुरुङ, मिलीजुली विजयपुर तमुसमाज महिला समितिका अध्यक्ष बालकुमारी गुरुङ, हिमाली टोल विकास संस्थाका अध्यक्ष रनध्वज गुरुङ, कामना टोल विकास संस्थाका सचिव मिनवहादुर गुरुङ, लामोडहर टोल विकास संस्थाका अध्यक्ष दुर्गावहादुर गुरुङ, समाजका लेखा परिक्षक ज्ञानवहादुर कार्की र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष नासु खड्कवहादुर गुरुङले स्वागत र सहसचिव इन्जिनियर सुब्बा गुरुङले संचालन गरेका थिए। कार्यक्रममा समाजका सचिव चिनवहादुर गुरुङको सचिवको प्रतिवदेन, कोषाध्यक्ष सु. यरवाहादुर गुरुङको कोषाध्यक्षका प्रतिवेदन पारित भएको छ। हावा सरर् गोर्खाको डाँडामा भन्ने वोलको गितमा बालकुमारी गुरुङ, तीलकुमारी गुरुङ, हुमादेवी गुरुङ र भीमदेवी गुरुङले प्रस्तुत गरेका नृत्यले सहभागी सबैलाई मन्त्रमुग्ध पारेको थियो।

# छोरेपाटन माविका २२ सय विद्यार्थीहरुको आँखा परीक्षण

पोखरापत्र संवाददाता
पोखरा ८ पुस

छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चको आयोजना र हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा पोखरा १७ छोरेपाटनमा रहेको छोरेपाटन माविका २२ सय विद्यार्थीहरुको निशुल्क आँखा शिविर सोमबार सम्पन्न भएको छ।

शुक्रबार शिविरको गण्डकी प्रदेश निति तथा योजना आयोगका सदस्य दिपक भण्डारीले उद्घाटन गर्दै विद्यार्थी कालमा पढ्ने र जिवनमा उपयोग हुने सिप सिक्नु पर्ने वताउँदै आँखामा कुनै पनि समस्या देखिएमा आफै उपचार गर्न भन्दा अस्पतालमा गएर



जाँच गरेर मात्र औषधि राख्नु पर्ने वताए।

हिमालय आँखा अस्पतालका प्राविधिकहरु अर्सु केसी, प्रशान्त भण्डारी, कृष्टिना खड्का, रितिका विक लगायत १७ जनालाई सम्मान गरिएको थियो। सो अवसरमा विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा, सहायक प्रधानाध्यापक खेमराज वराल ध्रुब, मेघनाथ पौडेल, पिटि शिक्षक दिपक सुनार, मञ्चका अध्यक्ष कृष्ण रानाभाट, उपाध्यक्ष हिमलाल उपाध्याय, सचिव शालिकराम भण्डारी लगायतले वोलेका थिए।

# 'सहकारीको ऋण तिर्दिन भन्नु अराजकता'

पोखरापत्र संवाददाता
बागलुङ ८ पुस

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव तथा पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले सहकारीको ऋण तिर्दिन भनेर सडकमा हुने आन्दोलन अराजकता भएको बताउनुभएको छ। सम्पत्ति खरिद गर्न र दुःखमा मलम लगाउन सहकारीबाट लगेको ऋण नतिर्दा सहकारीहरू समस्यामा पर्ने बताउँदै उहाँले ऋण तिर्दिन भन्न नपाइने बताउनुभयो। "सहकारीबाट ऋण लैजाने, तिर्दिन भनेर सडकमा आन्दोलन गर्ने अराजकलाई सरकारले ठेगान लगाउन आवश्यक छ", नेता पौडेलले भन्नुभयो। सोमबार बागलुङ बजारमा सिवाइसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ वार्षिक साधारणसभालाई उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य रहनुभएका पौडेलले एउटा केही बदमासी गर्ने सहकारीका कारण समग्र सहकारीहरू बदनाम भएको बताउनुभयो। सहकारीका ऋणीहरूलाई ऋण तिर्ने कसिलो नीति सरकारले बनाउने उहाँको भनाइ छ।

# आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता दिन सुझाव

रासस
काठमाडौं ८ पुस

चिकित्सा शिक्षाको स्नातकोत्तर तहमा भर्ना हुने आवासीय चिकित्सकको निर्वाह भत्ता सम्बन्धमा सुझाव दिन स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले गठन गर्नुभएको कार्यदलले सुझावसहितको प्रतिवेदन हस्तान्तरण गरेको छ।

अतिरिक्त सचिव टङ्क बराकोटी नेतृत्वको कार्यदलले नयाँ शैक्षिक सत्रमा निजी मेडिकल कलेजमा भर्ना हुने आवासीय चिकित्सकलाई सरकारी शिक्षण संस्थाका कार्यक्रममा भर्ना भएका विद्यार्थीलाई उपलब्ध गराइए सरह निर्वाह भत्ता उपलब्ध गराउन मनासिव हुने रायसहितको प्रतिवेदन दिएको हो।

मन्त्री पौडेलले निर्वाह भत्तामा आवासीय चिकित्सकको असन्तुष्टि समाधान गर्न सुझाव दिन कार्यदल गठन गर्नुभएको थियो।

मन्त्रालय तथा चिकित्सा क्षेत्रका उच्च अधिकारी संलग्न कार्यदलले दिएको प्रतिवेदनमा निजी मेडिकल कलेजमा अध्ययन गर्ने चिकित्सकको निर्वाह भत्ताको विषय कार्यान्वयनका लागि कार्ययोजना तयार गरी अविलम्ब लागू गर्न राय दिएको छ।

विसं २०८२ वैशाख १ गतेदेखि प्रारम्भ हुने भएकाले क्यालेण्डरको परिपालना हुने गरी २०८१ मङ्सिर ९ गते बसेको चिकित्सा शिक्षा आयोगको पन्ध्रौं बैठकमा छलफल भएका आधारमा चिकित्सा शिक्षाको स्नातकोत्तर तहका कार्यक्रम सञ्चालनका लागि 'सेल्फ अप्राइजल' फाराम भरेका निजी लगानीमा सञ्चालित शिक्षण संस्था लगायतका सबै शिक्षण संस्थाको स्थलगत अनुगमन, सिट निर्धारण तथा विद्यार्थी भर्नाको समग्र प्रक्रिया अविलम्ब सञ्चालन गर्न प्रतिवेदनमा सिफारिस छ।

चिकित्सा शिक्षाका विभिन्न तह र विधाका शैक्षिक कार्यक्रममा लिइने शुल्कका सम्बन्धमा आयोगबाट कार्यविधि तर्जुमा भइनसकेको अवस्थामा शुल्क निर्धारणसम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न शुल्क निर्धारणको आधार सिफारिस गर्ने समेतको कार्यदेश तोकी चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन भएको छ। कार्यदलले आवासीय चिकित्सकको निर्वाह भत्तासम्बन्धी विषय शुल्कसँग समेत अन्तरसम्बन्धित भएकाले चिकित्सा शिक्षा आयोगद्वारा गठित कार्यदललाई नै शुल्क निर्धारणसम्बन्धी कार्यविधि यथाशीघ्र तयार गरी कार्यान्वयन गर्न पनि सुझाव दिएको छ।

कार्यदलले चिकित्सा शिक्षाको गुणस्तर तथा पहुँच अभिवृद्धि, एकीकृत प्रवेश परीक्षाको सुदृढीकरण, छात्रवृत्तिको व्यवस्था, विद्यार्थीको थप सेवा सुविधा, कार्यअवधि र सहुलियत, विदेशी विद्यार्थीको सिट निर्धारण तथा विद्यमान कानुन समयसापेक्ष बनाउन राय सुझावसहितको प्रतिवेदन पेस गर्ने प्रयोजनका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्नसमेत सुझाव दिएको छ।

प्रतिवेदन ग्रहण गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले कार्यदलको सुझाव कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका छन्।

# 'किसुनजीको बाटो अनुसरण गर्नुपर्ने'

रासस
काठमाडौं ८ पुस

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले सन्त नेता कृष्णप्रसाद भट्टराईले देखाएको बाटो अनुसरण गर्नुपर्ने बताउनुभएको छ।

सन्त नेता कृष्णप्रसाद भट्टराईको १०१ औँ जन्म जयन्तीका अवसरमा यहाँ आयोजित 'किसुनजीको जीवन र व्यक्तित्व' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले स्वर्गीय नेताहरूले देखाएको बाटो अनुसरण गर्ने सङ्कल्प गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "किसुनजी लगायतले जुन बाटो देखाउनुभएको छ। त्यो बाटोमा हिँड्न सक्नुपर्छ र हामी हिँड्छौँ भन्ने सङ्कल्प लिन्छौँ।"

उहाँले प्रजातन्त्रका आधारभूत कुराहरूलाई नछाडी नेपाली कांग्रेस अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो। प्रजातन्त्रका आधार भूत न्यूनतम कुराहरूलाई साथ लिएर अगाडि बढे मात्रै कांग्रेस गन्तव्यमा पुग्ने उहाँले जिकिर गर्नुभयो।

## किसुनजीको ...

कार्यकर्ता माझ पुर्याउन महत्वपूर्ण योगदान दिएको उल्लेख गरेका थिए। भट्टराईले कांग्रेस भित्रबाट गिरिजाबाबु र किसुनजीको बिचमा द्वन्द बढाउन खोज्ने केहि नेताहरु समेत रहेको बताउंदै आँफु किसुनजीको प्रेरणाबाट राजनीतिमा सक्रिय बनेको समेत स्पष्ट पारे। उनले घर परिवारको माया मोह र सबै दवाब र प्रभावबाट मुक्त भएर देश र जनताको लागि सदैब क्रियाशील रहने प्रेरणा किसुनजी बाट नै मिल्ने भएकोले कांग्रेसजनले किसुनजीको इतिहास पढ्नुपर्नेमा जोड दिए। नेपाली कांग्रेसका पूर्व सभापति एवम् पूर्वमन्त्री यज्ञबहादुर थापाले किसुनजीले सिकाएको निष्ठा र त्याग सदा अमर रहने बताउँदै काँग्रेसलाई जनतामाझ लोकप्रिय बनाउनुपर्छ भनेर सदैब लागिपर्ने नेताको रुपमा किसुनजी रहेको स्पष्ट पारे। नेपाली कांग्रेस कास्कीका अध्यक्ष किशोरदत्त बरालले पार्टीलाई उत्पादन जोड्नुपर्ने जानकारी गराएका थिए। भने प्राडा कुशुमाकर न्यौपानेले कार्यपत्र प्रस्तुत गरेका थिए। नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले सञ्चालन गरेको गोष्ठी सहमहामन्त्री कोपिला रानाभाटले स्वागत र प्रवक्ता माधव बास्तोला (मधु)ले धन्यबाद व्यक्त गरेको गण्डकी प्रदेश सदस्य एव प्रचार विभाग उपप्रमुख शिरोमणी बरालले जानकारी दिए।

**चिसोबाट बचौं**

◆ जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
◆ तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
◆ घर तथा कोठा न्यानो बनाऔं,
◆ बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
◆ बढी चिसोमा मर्निङवाक नगरौं,
◆ दैनिक घाम ताप्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# रविको सांसद पद निलम्बन

पूर्वगृहमन्त्री रवि लामिछानेको सांसद पद निलम्बित भएको छ । सम्पत्ति शुद्धीकरण कसुरमा समेत अभियोगपत्र दर्ता भएपछि संसद् सचिवालयले लामिछानेको सांसद पद निलम्बनमा परेको सूचना प्रकाशित गरेको छारास्वपाका नेताहरूले सभामुख देवराज घिमिरेलाई भेटेर निलम्बन नगर्न दबाब दिएका थिए । संघीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले लामिछानेको सासंद पद निलम्बनमा परेको सूचना प्रकाशित गरेका छन् । चितवन क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यमा निर्वाचित लामिछानेविरुद्ध आइतबार कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी समेत मुद्दाको पूरक अभियोगपत्र दर्ता भएको थियो । जिल्ला सरकारी वकिलको कार्यालय कास्की र जिल्ला प्रहरी कार्यालय कास्की (अपराध अनुसन्धान तथा कारबाही शाखा) ले सभामुख देवराज घिमिरेलाई सम्बोधन गरी लामिछानेविरुद्ध अभियोगपत्र दर्ता गरेको व्यहोरा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ जानकारीका गराएको संसद्का महासचिव पाण्डेयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ मा 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ,' भन्ने व्यवस्था रहेको छासांसदलाई राष्ट्रसेवक मान्न नसकिने र संसद नियमावलीमा मुद्दा दर्ता गर्दैमा निलम्बन नहुने तर्क पनि गरिएको छ । यो छिद्र खोजेर उम्कन खोज्नु हो। कानुनलाई आ आफ्नै तरिकाले ब्याख्या गर्ने हुँदा अन्योल देखिए पनि रास्वपाले सभापति रवि लामिछानेको सांसद पद निलम्बनमा पर्ने आभास पाएर सचिवालयको बैठक बोलाएको हो ।

रास्वपाले सोमबार उपसभापति डीपी अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएको छ । सोमबार बसेको रास्वपा सचिवालय बैठकले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति अर्याललाई दिने निर्णय गरेको छ । लामिछाने सांसदबाट निलम्बित भएपछि रास्वपा संसदीय दलले पनि नयाँ नेता चुन्नुपर्नेछ । संसदीय दलको बैठक तत्काल बोलाइएको छैन, संसद् अधिवेशन आह्वान गरेपछि बस्ने बताइएको छ । जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले आइतबार लामिछानेसहित ३१ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरेको थियो । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनीहरूविरुद्ध ३ वटा कसुरमा मुद्दा दर्ता भएको हो । लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरूङविरूद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो । त्यस्तै विभिन्न ८ वटा कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ । त्यस्तै ५ जनाको सम्पत्ति जफत गर्नुपर्ने सरकारी वकिलको कार्यालयको राय छ । लामिछानेसँग सहकारी ठगीअन्तर्गत सामूहिक बिगो १ करोड ६२ लाख ६५ हजार, व्यक्तिगत बिगो १ करोड ७५ लाखसहित सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख ४४ हजार रुपैयाँ बिगो मागसहित अभियोगपत्र दर्ता भएको हो ।

प्रहरीले लामिछानेसहित ५१ जनाबाट डेढ अर्ब रूपैयाँ बिगो असुल्नुपर्ने र सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने राय दिएको थियो । लामिछानेका हकमा सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिवाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गत वर्ष मुद्दा दायर भएका १९ जनाविरूद्ध कसूर र बिगो थप गर्दै पूरक अभियोगपत्र शुक्रबार नै अदालतमा दर्ता गरिसकेको छ । सहकारी ठगीका मुख्य योजनाकार जीबी राईलाई संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन विरूद्धको कसूरमा मुद्दा चलाइएको छ । कसुरदार बनाइएका केही सोझा र परिबन्धमा परेका छन । धेरैलाई प्रतिवादी बनाउनु मुख्य योजनाकार उम्काउन सजिलो बनाउने नियत त होइन शंका गर्ने ठाउँ दिएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बेलढुङ्गा-पञ्चकोट साइकल लेन : बजेट अभावले काम रोकियो

**पोखरापत्र संवाददाता**
बागलुङ ८ पुस

समुद्री सहतदेखि दुई हजार पाँच सय मिटरको उचाइमा निर्माणाधीन साइक लेन बजेट अभावले अधुरै रहेको छ ।

जङ्गलको बीचबाट निर्माण थालिएको साइकल लेनले साहसिक पर्यटक भित्र्याउने उद्देश्य राखिएको थियो । बागलुङको पर्यटकीय क्षेत्र बेलढुङ्गालाई पञ्चकोटसँग जोड्नका लागि २०७७ सालमा साइकल लेनको अवधारणा ल्याइएको थियो । सुरुको दुई वर्ष साइकल लेन बनाउन बजेट समेत गण्डकी प्रदेशले विनियोजन गरेको थियो । अहिलेसम्म कच्ची र पक्की गरेर जम्मा दुई किलोमिटर साइकल लेन निर्माण भइसके पनि बजेट अभावले काम रोकिएको छ ।

कुनै दिन गुमनाम अवस्थामा रहेको पर्यटकीयस्थल बेलढुङ्गा एकाएक चर्चामा आएको छ । उक्त गन्तव्यलाई नेपालको एक सय पर्यटकीय गन्तव्यको सूचीमा रहेको पञ्चकोटसँग जोड्नका लागि नौ किमि साइकल लेन बनाउने र साहसिक पर्यटकलाई जङ्गलको बाटो पञ्चकोट हुँदै बेलढुङ्गा पुऱ्याउने लक्ष्यका साथ निर्माण थालिएको साइकल लेन तीन वर्षयता अघि बढ्न नसकेको काठेखोला गाउँपालिका-३ स्थित बेलढुङ्गा सामुदायिक घरबासका अध्यक्ष गोपाल श्रीसले जानकारी दिनुभयो । "दुई चर्चित पर्यटकीय गन्तव्य बेलढुङ्गा र पञ्चकोट जोड्नका लागि समुद्री सतहदेखि झण्डै दुई हजार पाँच सय मिटरको उचाइमा साइकल लेन निर्माण गर्न गण्डकी प्रदेश सरकारले २०७७ साल र २०७८ सालमा रु ४० लाख बजेट विनियोजन गरेको थियो, उक्त बजेटबाट बेलढुङ्गामा पर्यटकीय पूर्वाधारसहित दुई किमि साइकल लेन निर्माण गरिएको थियो", श्रीसले भन्नुभयो, "दुई किमि साइकल लेनमध्ये चार सय मिटर साइकल लेन पक्की बनाइएको छ भने दुई सय मिटरमा स्लेट ढुङ्गा छापेर चिटिक्क बनाइएको छ, तीन वर्षयता साइकल लेन बनाउन कसैको नजर परेको छैन ।"बागलुङ-६ पञ्चकोट र काठेखोला -३ धम्जाको बेलढुङ्गा जोड्नका लागि पर्यटकीय पदमार्गसँगै साइकल लेन निर्माण सुरु गरे पनि दुई किमिमै रोकिएको हो । बागलुङ र म्याग्दीको शिरबाट साइकलमार्फत बेलढुङ्गा हुँदै पञ्चकोट र पञ्चकोट हुँदै बेलढुङ्गा पुग्नका लागि साइकल लेन निर्माण थालिएको थियो ।

बागलुङ नगरपालिका-६ स्थित पाँच कोटको सङ्गम पञ्चकोटबाट थाप्लेको धुरी, कान्छो धौलागिरि हुँदै बेलढुङ्गासम्मको पदमार्ग पहिचान गरी साइकल लेन बनाउने अवधारणा ल्याइएको थियो । साइकल गुड्न सक्ने पदमार्ग निर्माण गरेपछि पैदल हिँड्ने पर्यटक र साहसिक यात्रा गर्न रुचाउने पर्यटक साइकलमार्फत पुग्न सक्ने गरी पञ्चकोटलाई बेलढुङ्गा जोड्ने अभियानमा ठेस पुगेको श्रीसको भनाइ छ । बेलढुङ्गाबाट पञ्चकोटसम्मको झण्डै नौ किलोमिटरमध्ये बेलढुङ्गाबाट पञ्चकोटतर्फ साइकल लेन निर्माण थालिएको थियो । साइकल लेन पूरा गर्न रु दुई करोड बजेट लाग्ने अनुमान गरिएको छ । सडक सञ्जालले पर्यटकीय पदमार्ग मासेको समयमा पैदलयात्री र साइकल चलाउन मिल्ने गरी निर्माण थालिएको पदमार्गले गति लिन नसकेको हो ।

बेलढुङ्गा अलि दुर्गममा भए पनि पञ्चकोट सुगममा भएका कारण साइकल लेन निर्माणपछि सदरमुकामबाट पाँच किलोमिटरमै पञ्चकोट पुगेका पर्यटक साइकल र पर्यटक पदमार्गमार्फत चार घण्टामै बेलढुङ्गा आउने गरी चार फिट चौडा साइकल लेन निर्माण थालिएको थियो ।

ढुङ्गामाथि बेल आकारको ढुङ्गाबाट देखिने मनोरम हिमशृङ्खला र सुन्दर पहाड देखिने बलढुङ्गा पछिल्लो समय चर्चित पर्यटकीय गन्तव्य बनेपछि पाँच वर्षअघि धम्जाको ओख्लेमा सामुदायिक घरबास सञ्चालनमा आएको छ । साउनयता दुई सय ५० जना पर्यटक घरबासमा आइसकेका छन् । बेलढुङ्गामा आउने पर्यटकलाई लक्षित यही वर्षबाट देउरालीमा घरबास सञ्चालनमा ल्याइएको स्थानीय हिमाल सागर श्रेष्ठले बताउनुभयो । पूर्वाधार निर्माणमा सहयोग आए बलेढुङ्गामा आन्तरिक पर्यटक उल्लेख्य भित्रन सक्ने उहाँको भनाइ छ । बेलढुङ्गाको पर्यटकीय पूर्वाधार निर्माणमा पालिकाले सहयोग गर्दै आएको काठेखोला गाउँपालिकाका प्रवक्ता टीकासुङ्गम विकले जानकारी दिनुभयो । उहाँले साइकल लेन बनाउने बजेट प्रदेश र सङ्घीय सरकारबाट ल्याउन पालिकाले पहल गरिरहेको बताउनुभयो ।

# गोरखा नगरपालिकाद्वारा 'जन्मदेखि मृत्यु संस्कारसम्म' सेवा

**पोखरापत्र संवाददाता**
गोरखा, ८ मंसिर

गोरखा नगरपालिकाले नगरवासीलाई 'जन्मदेखि मृत्यु संस्कारसम्म' का लागि विभिन्न सेवा निःशुल्करुपमा उपलब्ध गराएको छ ।

सो सेवा अन्तर्गत गर्भवतीलाई सुत्केरी हुन अस्पताल ल्याउनेदेखि अत्येष्टिका लागि आवश्यक सहयोग रहेका छन् । "गर्भवतीलाई नवजात शिशु जन्माउन निःशुल्क अस्पताल पुऱ्याइदिने र सुत्केरी भएपछि घरसम्म ल्याइदिने काम नगरपालिकाले गर्दै आएको छ", नगरप्रमुख कृष्णबहादुर रानामगरले भन्नुभयो, "नगरवासीको निधन भएमा अन्त्येष्टिका लागि घाटमा आवश्यक पर्ने दाउरासम्म पनि नगरपालिकाले निःशुल्क उपलब्ध गराउँदै आएको छ ।"

नगरपालिकाले गोरखा अस्पतालको विभिन्न सेवासहित आयुर्वेदिक तथा आँखाको उपचार निःशुल्करुपमा गर्नसक्ने व्यवस्था मिलाएको छ ।

# थाइल्याण्ड र म्यानमार यात्रासम्बन्धी सूचना जारी

**रासस**
काठमाडौं, ८ मंसिर

नेपाल सरकारले म्यान्मार, थाइल्याण्ड, कम्बोडिया, लाओसलगायतका मुलुकमा जान चाहने वा जाने तयारीमा रहनुभएका नेपाली नागरिकलाई उचित ध्यान दिन र सावधानी अपनाउन अनुरोध गरेको छ ।

परराष्ट्र मन्त्रालयले सोमबार सूचना जारी गरी ती देशमा वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न अनुरोध गर्नाका साथै रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशीफर्म/कम्पनी/रोजगारदाताको बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म/कम्पनी/रोजगारदाताको वेबसाइट चेकजाँच गर्न आग्रह गरिएको छ । हालका दिनमा मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा सङ्लग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यानमारमा लगेर जबर जस्ती अवैध कार्यमा लगाउने, रोजगारदाताले राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या बढेका छन् । यस विषयमा जानकारी गराउँदै नेपाली दूतावास याङ्गुन र बैंककमा उद्धारका लागि आवेदन गर्ने नेपालीको सङ्ख्या उल्लेखनीय रूपमा बढोत्तरी भइरहेको घटनाप्रति मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा पुऱ्याई अलपत्र पार्ने एवं निषेध गरिएका कार्यमा सङ्लग्न नहुन वा त्यस्ता गैरकानुनी कार्य नगर्न/नगराउन र यसतर्फ सचेत रहन सबैमा अनुरोध गरेको छ । साथै मन्त्रालयले अनलाइन जुवा, कल सेन्टर-फ्रड, क्रिप्टो-करेन्सी ठगी आदिमा सङ्लग्न शंकास्पद आइटी फर्मले बैंककमा रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार लगी बन्दी बनाएर काम गर्न लगाइएको पाइएकाले त्यस्ता प्रलोभनमा नपर्न आग्रह गरेको छ ।

उल्लिखित विषयलगायत सम्बन्धमा कुनै जानकारी लिनुपरेमा नेपाली दूतावास, याङ्गुनका द्वितीय सचिव गंगा सुन्दासको टेलिफोन नम्बर +९५-०१-९५४५८८०/०१- ९५५७१६८ र हटलाइन/भाइबर/वाट्सएप नं +९५ ९२५१२४२०५१ तथा नेपाली दूतावास, बैंकक्का प्रथम सचिव खगराज पाण्डेको टेलिफोन नम्बर +६६८६९९१५५५४ (वाट्सएप) लाई सम्पर्क गर्न हुन अनुरोध गरिएको छ ।

यसअघि थाइल्याण्ड र म्यानमारमा प्रलोभन देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएईलगायतका मुलुकमा रहेका नेपालीलाई थाइल्याण्डको बैंकक र याङ्गुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्मारको कायिन प्रान्तको म्यावडीमा लगी जबरजस्ती अवैध कार्यमा लगाइएको घट्ना सार्वजनिक भएको थियो । उक्त विषयका सन्दर्भमा मन्त्रालयबाट विसं २०७९ पुसमा यात्रासम्बन्धी सूचना जारी गरेपछि प्रलोभनमा परी उक्त क्षेत्रमा जाने नेपाली नागरिकको सङ्ख्यामा कमी आएको थियो ।

# छ वर्षपनि बनेन पर्वतको भँगरा स्वास्थ्यचौकी भवन

**पोखरापत्र संवाददाता**
पर्वत ८ पुस

घर नजिकै स्वास्थ्यचौकीको भवन निर्माण हुने भएपछि स्थानीय ९१ वर्षीय पदमबहादुर परियार निकै हर्षित हुनुहुन्थ्यो । उमेरसँगै रोगले थलिएर विस्तारामा पर्नुभएका उहाँलाई स्वास्थ्यचौकी भवन निर्माण हुने कुराले रोग निको भएको महसुस हुन्थ्यो ।

हिँडेर टाढाको अस्पतालसम्म पुग्न सक्ने अवस्था नभएका उहाँको घरमा श्रीमती, बुहारी र साना नातिनातिना छन् । रोगले च्यापेको बेला नजिकैको स्वास्थ्यचौकीमै उपचार पाउने उहाँको आशा अझै पूरा हुन सकेको छैन । यो अवस्था हो जिल्लाको फलेवास नगरपालिका वडा नं ९ भँगरामा निर्माणाधीन स्वास्थ्यचौकी भवनको ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि जनाउँदै १८ महिनामा सम्पन्न हुने गरी विसं २०७५ माघदेखि निर्माण सुरु भएको स्वास्थ्यचौकीको सुविधा भवन छ वर्षसम्म पूरा हुन नसकेर अलपत्र बनेको हो । "स्वास्थ्यचौकीमा उपचार गराएर केही वर्ष अझै बाँच्छु भन्ने सोच्नुभएका परियारजस्ता थुप्रै नागरिक भवन सम्पन्न नहुँदै जीर्ण र अलपत्र बनेको देखेर निरास हुने गरेका छन् । समयमै भवन निर्माण सम्पन्न नहुँदा स्थानीयवासी स्वास्थ्य सुविधाबाट वञ्चित भएका छन् । निर्माण व्यवसायीले काम छोडेरबीचमा भागेपछि भवन अलपत्र परेको हो । रु दुई करोड ४४ लाखमा भवन निर्माणका विसं २०७५ माघमा निर्माण कम्पनी काठमाडौँले जिम्मा लिएको थियो ।

लामो समयसम्म भवनले पूर्णता पाउन नसक्दा निर्माण भएको पूर्वाधार जीर्ण बन्दै गएको छ । दुई तले १२ कोठे भवनमा बिरामीको उपचारका लागि औषधि भण्डारण, बिरामी चाँज कक्ष, गर्भवती जाँच कक्ष कर्मचारी आवास, प्रशासन, बर्थिक सेन्टर लागि छुट्टाछुट्टै कक्ष निर्माण गरिएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङमार्फत निर्माण भएको भवन सम्पन्न गर्नका लागि चार पटक म्याद थप गरिसकिएको छ । ठेकेदारले बीचमै काम छोडेर बेपत्ता भएपछि आयोजनाले पटकपटक म्याद थप गर्दै निर्माण कम्पनीलाई तोकता गदै काममा लगाएको सघन सहरी तथा भवन निर्माण आयोजनाका इन्जिनियर शङ्करराज कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार भवनको ९० प्रतिशत काम सम्पन्न भएको र बाँकी १० प्रतिशत नगरी निर्माण व्यवसायी बेपत्ता भएको हो । भवन निर्माण अन्तिम चरणमा पुगेको भए पनि निर्माण कम्पनी कार्यक्षेत्रमा फर्किएर नआएको वडाध्यक्ष हितमान गुरुङले बताउनुभयो । मौखिकरुपमा पटक-पटक ताकेता गरिएको भए पनि निर्माण कम्पनीले बेवास्ता गर्दा भवनको संरचनासमेत जीर्ण र पुरानो हुँदै गएको उहाँको भनाइ छ । "वर्ष दिनभन्दा बढी भयो निर्माण कम्पनी फर्केर आएको छैन, बनेका संरचना पनि जीर्ण बन्ने जोखिम बढेको छ", उहाँले भन्नुभयो ।

गाउँमा गुणस्तरीय स्वास्थ्य संस्था नहुँदा सानोतिनो रोग र चोटपटक लागेमा अन्यत्र जानुपर्ने बाध्यता स्थानीयको छ । "सामान्य समस्या भयो भने कुश्मा वा पोखरा पुग्नुपर्ने बाध्यता छ", स्थानीय सुमिना गुरुङले भन्नुभयो, "सुविधा सम्पन्न भवन अलपत्र परेर सेवा विस्तारमा सहज नहुँदा यहाँका महिला र ज्येष्ठ नागरिकले बढी सास्ती व्यहोर्नुपरेको छ ।"

साविक गाउँ विकास समितिको पुरानो र साँघुरो भवनबाट सेवा प्रवाह गर्दा निकै समस्या भएको स्वास्थ्यचौकी प्रमुख वीरबल विकले बताउनुभयो । बर्सातमा भवन चुहिएर समस्या हुने गरेको उहाँले बताउनुभयो । उहाँले भवन निर्माण भएर सञ्चालनमा आए यहाँ नागरिकले गुणस्तरीय स्वास्थ्य सेवाको लागि अन्यत्र जानुपर्ने अवस्था अन्त्य हुने बताउनुभयो । स्थानीयवासी तथा गण्डकी प्रदेशसभा सदस्य रेखा गुरुङले लामो समयदेखि स्वास्थ्यचौकीको भवन अलपत्र परेको देखेर चिन्तित बनेको बताउनुभयो । सुविधा सम्पन्न स्वास्थ्यचौकी भवन बनाउन आफ्नै पहलमा बजेट विनियोजन गर्नेदेखि आफ्नो परिवारले निःशुल्क जग्गा समेत उपलब्ध गराएको जनाउँदै ठेकेदारले काम नगर्दा समस्यामा परेको बताउनुभयो । भवन तत्काल सम्पन्न गरेर सञ्चालनमा ल्याउन उहाँले माग गर्नुभएको छ ।

# 'गलत परामर्शले आत्महत्याका घटना झन् बढे'

**रासस**
काठमाडौं, ८ मंसिर

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिमा 'आत्महत्या रोकथाम सम्बन्धमा समितिबाट भएको निर्देशन कार्यान्वयन सम्बन्धमा' भएको छलफल भएको छ ।

सोमबार भएको छलफलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले गलत परामर्शले आत्महत्याका घटना थप बढेको धारणा राख्नुभयो । उहाँले आत्महत्या रोकथामका लागि गलत परामर्शले घटना झन् बढ्दै गएको बताउनुभयो । "आत्महत्यासम्बन्धी हाम्रो बुझाइ नै गलत छ, यसलाई परिवर्तन गर्न आवश्यक छ । यो रोग हो । ८० प्रतिशतमा कारण थाहा हुन्छ, २० प्रतिशतमा थाहा हुन्न । कारण खोतल्न खोज्यौं भने आत्महत्या पत्ता लाग्दैन । कारण थुप्रै छन् तर रोग लागेको भनेर नबुझेसम्म यो समस्या रहिरहन्छ ।

सम्झाउन खोज्दा वा गलत परामर्शले झन् नकारात्मक असर पारेको देखिएको छ", सचिव डा पोखरेलले भन्नुभयो । उहाँले सरकारले एक सयभन्दा बढी शय्या भएका अस्पतालमा मानसिक विशेषज्ञ हुनैपर्ने र ५० बेडभन्दा माथि रहेका जिल्ला अस्पतालमा मानसिक रोग विशेषज्ञ दिन नसकिएको अवस्थामा प्रदेशबाट १५ दिन वा एक महिनाभित्र सम्बन्धित चिकित्सकलाई पठाउने गरिएको जानकारी दिनुभयो । जनशक्ति पुऱ्याउन नसकेको र सरकारी दरबन्दी नभएको अवस्थामा व्यवस्थापन गर्न गाह्रो भए करारमा चिकित्सक पठाउने व्यवस्था रहेको पोखरेलको भनाइ छ ।

# होली माउण्टले विविध कार्यक्रम गरी रजत जयन्ती मनाउदै

पोखरापत्र संवाददाता
पोखरा ८ पुस

पोखरा- २९ भण्डारीढिकमा रहेको होली माउण्ट अंग्रेजी माविले रजत जयन्ती मनाउने भएको छ।

विद्यालय स्थापनाको २५ वर्ष पुगेको उपलक्ष्यमा विविध कार्यक्रमको आयोजना गरी यस वर्ष रजत जयन्ती मनाउन लागेको विद्यालयका संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार माघ १९ गते भव्य कार्यक्रमको आयोजना गरी रजत जयन्ती मनाईने छ । रजत जयन्तीको अवसरमा वृक्षारोपण, चित्रकला, वृद्धाश्रम अनाथालयमा सहयोग, स्वास्थ्य शिविर, सम्मान, पुरस्कार वितरण तथा विविध सास्कृति कार्यक्रम गरिने न्यौपानेले जानकारी दिनुभयो । 'यस वर्ष हामी विद्यलयको रजत जयन्तीको वर्षमा छौं' न्यौपानेले भन्नुभयो, 'यो वर्ष शैक्षिक पाटो सँगै




विद्यालयले सामाजिक सेवाका गतिविधि पनि सक्रियताका साथ काम गर्ने छौ ।' रजत जयन्तीकै अवसरमा यस अघि स्थानीय खुइले डाडाँमा फलफुलका विरुवा रोपिएको न्यौपनेले जानकारी दिनुभयो । रजत जयन्तीको अवसरमा विद्यालयले सोमबार जिल्ला स्तरीय अन्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ । स्थापनाको २५ वर्षको उपलक्ष्यमा आयोजित प्रतियोगितामा २४ विद्यालयका ४७ जना तथा विद्यालयको आन्तरिक तर्फ ४६ जनाको सहभागिता रहेको थियो ।

प्रतियोगितामा लक्ष्मी आदर्श माविकी रोशनी सुनार प्रथम, सोहि विद्यालयकी विद्या परियार द्धितीय, रिलायन्स पब्लिक माविकी सृष्टी नेपाली तृतीय तथा युनिभर्स माविका आयान रायमाझी, विएमजी माविका अर्पन राई र शिशु कल्याण माविकी सुमी गुरुङ सान्त्वना भए। त्यसैगरी विद्यालयको आन्तरिक तर्फ सौगात सुनार प्रथम, प्रदिप मगर द्धितीय, दियस पुन तृतीय तथा श्रेया गुरुङ, सविन सुनार र सुभम शुनार सान्त्वना भए।

विजयी विद्यार्थीलाई माघ १९ गतेको कार्यक्रममा पुरस्कार प्रदान गरिने विद्यालयले जनाएको छ। प्रतियोगिताको संयोजक नगेन आर्ट एकेडेमीका निर्देशक नगेन सिंह ठकुरी रहनुभएको थियो । विजयी विद्यार्थीलाई नगेन आर्ट एकेडेमीमा कक्षा लिन आउनेलाई २५ देखि ७५ प्रतिशत सम्म छुट दिने ठकुरीले जानकारी दिनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष कुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल तोलाकान्त न्यौपानेले स्वागत र कार्यक्रम संयोजक जनक जमरकट्टेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

२०५६ सालमा स्थापना भएको विद्यालयमा हाल ५ सय विद्यार्थी र ४२ जना शिक्षक कर्मचारी रहेको विद्यालयले जनाएको छ।

# एग्बोसाको साधारण सभा तथा अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा ८ पुस

गण्डकी बोर्डिङ स्कुलको भूतपूर्व विद्यार्थी संगठन "एग्बोसा" ले, संस्थाको १५औँ साधारणसभा तथा अधिवेशन पौष ६ गते सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष प्रधुम्न के.सी.को सभापतित्वम एवं गण्डकी बोर्डिङ स्कुलका प्राचार्य डा. विश्व युधिर पौडेल घर्तीको विशिष्ट अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष सिए उभेक कुमार श्रेष्ठले संस्थाको आर्थिक प्रतिवेदन र संस्थाका सचिव रवि चन्द्र गुरुङले सचिवको प्रतिवेदन पेश गरेका थिए । उक्त प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित भएको थियो। साथै उक्त सभाले ऐतिहासिक "एग्बोसा विधान-२०४८" उपर प्रस्ताव गरिएको पुनरलिखित विधान "एग्बोसा विधान-२०८१" पारित गरेको छ । २ सत्रमा गरिएको कार्यक्रममा पहिलो सत्र १५औँ साधारणसभा, र दोश्रो सत्र



अधिवेशन रहेको थियो । उक्त साधारण सभाको संचालन संस्थाका सह सचिव ई.संजय भण्डारीले गरेका थिए भने संस्थाकी उपाध्यक्ष माधवी नेपाल थापाले स्वागत मन्तव्य प्रस्तुत गरेकी थिइन । संस्थाका अग्रणी सदस्य विष्णु देव पराईको संयोजकत्वमा सदस्यहरु डा.पविन थापा र नारायण बराल सहित गठन भएको तीन सदस्यीय निर्वाचन समितिले अधिवेशनका चरणबद्द कार्यहरु सम्पन्न गरेका थिए । उक्त अधिवेशनबाट प्रधुम्न के.सी.को अध्यक्षतामा १३ सदस्सीय कार्य समिति सर्वसम्मत निर्वाचित भएका छन। कार्यक्रममा सहभागी भई कार्यक्रम भव्य रुपमा सफल बनाइदिनु भएकोमा सम्पूर्ण उपस्थित गण्डकियन परिवारप्रति आयोजक समितिको तर्फबाट अध्यक्षले हार्दिक कृतज्ञता जाहेर गरी सभा समापन भएको थियो

देशकै विकासमा विभिन्न स्थान अनि ओहोदामा रही दक्ष जनशक्तिमार्फत उल्लेखनिय भूमिका खेल्दै आएको यस संस्थाले सबै गण्डकी बोर्डिङ स्कुलका भूतपूर्व विद्यार्थीलाई सहज रुपमा जोडिन विशेष अनुरोध समेत गरेको छ।

# शेयर सदस्य सहकारीका मेरुदण्ड हुन् : सभापति अर्याल

पोखरापत्र संवाददाता
स्याङ्जा ८ पुस

सहकारीको सिद्धान्त अनुसार सहकारीहरु संचालन नहुँदा पछिल्लो समय संकटमा पर्दै आएका छन् ।

जब सहकारीमा संकट आउछ तब शेयर सदस्यहरु जिम्मेवार बन्नुपर्छ भन्ने तर्क गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले दिएका छन् । स्याङ्जाको वालिङ १३ झोलुङ्गेमा रहेको हिमाल बचत तथा ऋण सहकारी संस्थाको ११ औं बार्षिक साधरणसभाको उदघाटन गर्दै सभापति अर्यालले शेयर सदस्य प्रत्येक सहकारीका मेरुदण्ड रहको बताएका हुन् । सहकारीका शेयर सदस्य खम्बा हुन् सभापति अर्यालले भने,'सहकारी राम्रो बनाउने या विगार्ने शेयर सदस्यको हातमा हुन्छ ।' त्यसैले प्रत्येक साधरणसभामा संचालक समितिले ल्याएको प्रतिवेदनमा घनिभुत छलफल गर्नु आवश्यक हुन्छ सभापति अर्यालले भने । शेयर सदस्यहरुको चासो कम हुनु, नियमक निकायले अनुगमन नगर्नु, सहकारीको सिद्धान्त अनुसार सहकारीलाई संचालन नगर्नु सहकारी बिग्रने



कारण रहेको सभापति अर्यालले बताए । सहकारीको अवधारणा निकै राम्रो भएको भएपनि केही खराब सहकारीका कारण राम्रा सहकारीहरु खराबमै गणना हुनु दुखद पक्ष रहेको बताए। बर्तमान समयमा सहकारीले भ्केल्नुपरेको समस्या समाधान शेयर सदस्यहरुबाटै हुने भएकाले सबै शेयर सदस्यहरु आफुले लगानी गरेको सहकारी प्रति चासो राख्न सभापति अर्यालले आग्रह गरे । नागरिकको आवश्यकता अनुसार प्रदेश सरकारले विकासमा जोड दिने गरी अगाडी बढेको समेत सभापति अर्यालले बताए।

कार्यक्रममा वालिङ १३ का वडा अध्यक्ष नमलाल डुम्रे, लक्ष्मी माविका प्रधानाध्यापक सीता गैह्रे, घुरुङ्खा माविका प्रधानाध्यापक शिवहरी न्यौपाने, सहकारीका निवर्तमान अध्यक्ष कृष्णप्रसाद डुम्रे, मिलन साकोसका अध्यक्ष गोविन्द न्यौपाने, उपकार बचत तथा ऋण सहकारीका उपाध्यक्ष यज्ञप्रसाद अधिकारी लगायतका बक्ताहरुले सहकारीहरु प्रति सबै संवेदनशिल बन्न आग्रह गरेका थिए। संस्थाका अध्यक्ष प्रेमप्रसाद पराजुली, सचिव हेमन्तसिंह गुरुङ, कोषाध्यक्ष पुर्णचन्द्र गैह्रे, लेखा प्रतिवेदन पारिश्वर न्यौपानेले पेश गरेको प्रतिवेदन साधरणसभाले पास गरेको संस्थाका प्रवन्धक सागर गैह्रेले जानकारी दिए।

१२१५ शेयर सदस्य रहेको सहकारीले करिब १३ करोड पुँजी तथा दायीत्व रहेको छ। सहकारीले सामाजिक उत्तरदायीत्वमा एम्वुलेन्स सेवा संचालन गर्दै आएको छ भने सामुदायीक विकास कोषबाट ४ विद्यालयमा ११ हजार ४ सय रुपयै अक्षयकोष स्थापना गरेको छ । सदस्य राहत कोष स्थापना गरी शेयर सदस्यको घातक रोग र दुर्घट्ना विमा समेत स्थापना गरेको प्रवन्धक गैह्रेले बताए।

# मराङबैँसीमा कृषिबाट आत्मनिर्भर बन्ने अभियान

पोखरापत्र संवाददाता
म्याग्दी ८ पुस

म्याग्दीको धवलागिरि गाउँपालिका-६ मराङबैँसीका स्थानीय कृषिबाट आत्मनिर्भर बन्ने अभियानमा लागेका छन् । केही वर्षअघि सम्म अन्नबाली मात्र लगाउने यहाँका स्थानीय अहिले व्यावसायिक रूपमा तरकारी र फलफूलखेतीमा आकर्षित भएका हुन्। बैँसी जडीबुटी तथा कृषि समूह गठन गरेर हिउँदे र बर्खे 'सिजन'मा व्यावसायिक रूपमा तरकारीखेती गर्न थालेका छन्।

कृषि उपजको आयात घटाउनाका साथै उत्पादित कृषि उपज बिक्री गरेर आयआर्जन गर्न र आत्मनिर्भर बन्न व्यावसायिक तरकारीखेतीले सहयोग पुगेको स्थानीय कृषक अमर पुनले बताउनुभयो। दुई वर्षदेखि टनेलमा गोलभैँडाखेती गर्नुभएका पुनले उत्पादन भएको कृषि उपज बिक्री गर्न समस्या नभएको बताउनुभयो।

"पहिले घरमा खानका लागि मात्र कृषि उपज उत्पादन गर्ने चलन थियो, गाउँमा सडकको पहुँच आएसँगै यहाँ उत्पादन भएको कृषि उपज सजिलै बजारसम्म पुग्ने अवस्था बनेपछि यहाँ धेरैले कृषिलाई पेसाकै रूपमा अघि बढाएका छन्, मैले पनि दुई वर्षदेखि कृषिबाट आफ्नो परिवारको घर खर्च जुटाउँदै आएको छु", पुनले भन्नुभयो । यहाँका स्थानीयले गोलभैँडा, आलु, बन्दा, काउली, सागलगायत तरकारीखेती विस्तार गरेका छन्। छिमेकीगाउँ, मल्कबाङ, मलम्पार, बुल, राम्चेलगायत ठाउँका स्थानीयले यहाँ उत्पादन भएको कृषि उपज करेसाबारीबाटै खरिद गरेर लैजाने गरेका छन् । धेरै उत्पादन भएको कृषि उपज दरबाङ बजारसम्म निर्यात हुने गरेको छ। मराङबैँसीमा चारजनाले टनेलमा गोलभैँडाखेती गर्नुभएको छ। पन्ध्र घरधुरी आलु, बन्दा, काउलीलगायत तरकारीखेतीमा आबद्ध भएका छन्। गाउँका स्थानीय कुनै न कुनै कृषिपेसामा लागेको स्थानीय भक्तबहादुर जुग्जालीले बताउनुभयो।

"मैले टनेलमा सागखेती गरेको छु, चिसो हावापानीमा उत्पादन भएको साग स्वादिलो हुने भएकाले धेरैले मन पराउने गरेका छन्, गाउँमा उत्पादन भएको कृषि उपज बिक्री नहोला भन्ने पीर हुँदैन", उहाँले भन्नुभयो। कृषिसँगै भैँसीपालनबाट समेत स्थानीय आत्मनिर्भरको बाटोमा लागेका छन् । हरेक घरमा तरकारीखेती र दुहुना भैँसीपालन गर्ने यहाँको विशेषता नै बनेको छ।

गाउँमा यस वर्ष हिउँदे आलुखेतीले व्यावसायिकता पाएको छ । यहाँ करिब २० रोपनीमा हिउँदे आलुखेती गरिएको छ । बैँसीसँगै बुलमा समेत व्यावसायिक आलुखेती हुँदै आएको छ । यस वडाको घण्टीबाङमा खाद्यान्न बाली विस्तार र राम्चेमा लसुन तथा गोलभैँडा विस्तार अभियान चलाइएको छ। गाउँका स्थानीयलाई कृषिमा व्यावसायिक बनाउन वडा कार्यालयले समेत कृषि समूह गठन गरेर कृषकलाई बल, बीउ र औषधोपचारमा सघाउन थालेको धवलागिरि गाउँपालिका-६ मराङका वडाअध्यक्ष राजाराम उपाध्यायले जानकारी दिनुभयो । परम्परागत कृषिखेतीलाईव्यावसायिकतादिएपछि स्थानीयवासीको आयआर्जन सुधार हुन थालेको वडाअध्यक्ष उपाध्यायले बताउनुभयो। मराङमा व्यावसायिक तरकारीबालीसँगै फलफूलखेतीको समेत अभियान चलेको छ। विविध कारणले गाउँमा बसोबास गर्नेहरूको सङ्ख्या घट्दै जाँदा खेतीयोग्य जमिन बाँझिने समस्या बढेपछि स्थानीयले नगदेबालीका रूपमा सुन्तलाखेतीलाई विस्तार गरेका छन्।

# बेमौसमी तरकारी बाली उत्पादन परीक्षणमा जुट्यो सुन्दरबजार

पोखरापत्र संवाददाता
लमजुङ ८ पुस

लमजुङको सुन्दरबजार नगरपालिकाले बेमौसमी तरकारीबाली परीक्षण उत्पादन सुरू गरेको छ।

जिल्लामा नै पहिलो पटक सुन्दरबजार नगरपालिकाले बेमौसमी तरकारीबालीको परीक्षण उत्पादन गर्न लागेको हो। नगरपालिकाभित्रका आठ जना किसान छनोट गरी प्रतिकिसान एक रोपनी क्षेत्रफलमा बेमौसमी तरकारी उत्पादन परीक्षण गर्न लागिएको सुन्दरबजार नगरपालिका कृषि विकास शाखाका अधिकृत रघुनाथ अधिकारीले जनाकरी दिनुभयो। विशेष गरी बागमती प्रदेशको धादिङका धेरै क्षेत्रमा बेमौसमी लहरे तरकारीबाली उत्पादन हुँदै आएको छ। सुन्दरबजारका किसानलाई पटक-पटक त्यही ठाउँमा कृषि अवलोकन भ्रमण लगेपछि यहाँका किसान पनि बेमौसमी लहरे तरकारी बालीप्रति आकर्षित भएर जिल्लामा नै पहिलो पटक उत्पादन परीक्षणमा लागेका शाखाका अधिकृत अधिकारीले बताउनुभयो । अधिकारीका अनुसार पालिजातको करेला, न्यू नारायणी जातको घिरौला, अनमोल जातको लौका र भक्तपुरे काँक्रो सुरूको चरणमा परीक्षण उत्पादनमा लागिएको बताउनुभयो। अहिले किसानले गुम्बज बनाएर बिरूवा रोप्ने काम गरिरहेका छन् । आर्थिक वर्ष २०८१/८२ को कृषि विकास शाखातर्फको कार्यक्रममा समावेश गरिएको बेमौसमी तरकारी बाली उत्पादन परीक्षणलाई नगरपालिकाले किसानलाई कच्चापदार्थ र मल बीउमा सहयोग गरेको छ । उत्पादनको लागि आवश्यकपर्ने कच्चापदार्थ बाँस, गुम्बज बनाउने प्लास्टिक, बीउ, आवश्यक मल, सिँचाइको लागि आवश्यकपर्ने हजारी, कीटनाशक विषादी, विषादी छर्न आवश्यक पर्ने स्प्रे, बिरूवा उत्पादनको लागि आवश्यक पोलिपट र प्राविधिक सहयोग पालिकाले गरेको शाखाका नायब प्राविधिक सहायक तिलकुमारी श्रेष्ठले बताउनुभयो।

प्राविधिक दृष्टिकोणले पनि बेमौसमी तरकारी लहरेबाली उत्पादनको लागि यस भूगोल उपयुक्त भएकाले आफूहरू परीक्षण उत्पानमा सफल हुने किसानको आशा रहेको छ । परीक्षण उत्पानको लागि किसानले चार जातका तरकारी प्रतिकिसान एक सय २० देखी एक सय २५ वटा बिरूवाका दरले रोपेका छन्।


## वालिङ कृषि विकास परियोजना
## दियालो
वालिङ-८, स्याङ्जा

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित भएको मिति २०८१/०९/०९)

सिलबन्दी दरभाउपत्रको सूचना नं. Diyalo /WalingADP/SQ/2081/082/01

वालिङ नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र दियालो, वालिङ स्याङ्जाको सहजीकरणमा संचालित 'वालिङ कृषि विकास परियोजना' अन्तर्गत आवश्यक उन्नत जातका प्रजनन योग्य बिउ बाख्रा तथा बोकाहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म वा संस्थालाई रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

सिलबन्दी दरभाउपत्रको विवरण

| क्र. सं. | वस्तु / सामग्रीको नाम | परिमाण | जमानत रकम रु | सिलवन्दी दरभाउ पत्र फारम दस्तुर रु | सिलवन्दी दरभाउ पत्र मान्य अवधी हुने दिन | सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | उन्नत जातका बाख्राका प्रजनन् योग्य पाठीहरु | १५० | ४६,००० | १००० | ४५ दिन | २०८१/०९/२३ गते कार्यालय समय भित्र | २०८१/०९/२४ गते १२ बजेसम्म | २०८१/०९/२४ गते दिनको २ बजे |
| २ | उन्नतजातका बाख्राका प्रजनन् योग्य बोकाहरु | १६ | | | | | | |

सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्र दाताहरुले थप जानाकारीका लागि दियालो, वालिङ स्याङ्जाको कार्यालय वालिङ नगरपालिकाको कार्यालय, वालिङ-८, स्याङ्जा वा कार्यालयको फोन नं ०६३-४४१००५ मोबाइल न ९८५६०१७००५ वा इमेल syangjadiyalo@gmail.com मा सम्पर्क राख्न सक्नेछन। विस्तृत विवरणको लागि २०८१ पुस २३ गतेको पोखरापत्र दैनिकमा हेर्न सकिने छ।